**माओवादीद्वारा मानवअधिकारकर्मी तथा पत्रकार दुर्गा थापाको अपहरण**

# आरोप, कारण र तथ्यहरु

# स्थलगत अध्ययन प्रतिवेदन

**मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट**

**नेपाल पत्रकार महासंघ**
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस)**
**गैरसरकारी संस्था महासंघ-नेपाल**
**यातनापीडित सरोकार केन्द्र (सिभिक्ट)**
**हिमराइट्स लाइफलाइन**
**ब्याकवार्ड एजुकेशन सोसाइटी (बेस)**
**नेपाल बार एशोसिएसन इकाई, पुनरावेदन अदालत, सुर्खेत**

**०६१ भदौ २६ गते**

## १. भूमिका

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का मानवअधिकार वर्ष पुस्तक सुर्खेत जिल्ला प्रतिनिधि तथा नेपाल समाचारपत्र दैनिकका सम्वाददाता दुर्गा थापालाई ०६१ साउन १६ गते माओवादीहरुले आफ्नो नियन्त्रणमा लिएकोमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको एक टोलीले स्थलगत अध्ययन गर्‍यो। टोलीमा समितिको तर्फबाट नेपाल पत्रकार महासंघ, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस), गैसस महासंघ-नेपाल, हिमराइट्स लाइफलाइन, सिभिक्ट, बेसलगायत्का संस्थाका प्रतिनिधिहरु एवम् पत्रकारहरु संलग्न थिए। करिब १० दिनको स्थलगत अध्ययन र वार्तापछि दुर्गालाई साउन ३१ गते मुक्त गरियो । दुर्गाको मुक्तिका लागि सुर्खेत पुगेको मानवअधिकारकर्मी तथा पत्रकारहरुको टोलीले माओवादीहरुसँग तीन चरणमा वार्ता गरेका थिए । वार्ताका क्रममा थापाले मानवअधिकारकर्मी तथा पत्रकारहरुको टोली र माओवादी प्रतिनिधिसामू लिखित पत्रमार्फत् आफ्ना कमीकमजोरीहरु उल्लेख गर्दै आफ्नो रुपान्तरणका लागि मौका प्रदान गर्न अनुरोध गरे । मानवअधिकारकर्मी र पत्रकारहरुको टोली उक्त पत्र, त्यहाँको वातावरण र पत्र लेख्दाको अवस्था आँकलनका आधारमा, बन्दुकको घेराभित्र पारेर पत्र लेख्न लगाइएको हो भन्ने आशंका गर्न वाध्य भयो । पत्रमा लेखिएका कुराहरुमा टोली विश्वस्त हुन सकेन र त्यो कुरा माओवादी प्रतिनिधिहरुसमक्ष स्पष्ट राख्यो । र, थापासँग सम्बन्धित संस्थाहरुको तर्फबाट संस्थागत छानबिन गरी प्रतिवेदन सार्वजनिक गर्ने निष्कर्षमा पुग्यो जुन कुरा थापाको मुक्तिका लागि माओवादीहरुसमक्ष भएको सहमतिपत्रमा पनि उल्लेख गरियो । सोही सहमति र संस्थाहरुले बोध गरेको आवश्यकताअनुरुप मानवअधिकारकर्मी र पत्रकारहरुको टोलीले दुर्गा थापाको बारेमा अनुसन्धान/छानबिन गरी छानबिन प्रतिवेदनसमेत तयार गर्‍यो।

सुर्खेत जिल्लामा माओवादीद्वारा कब्जामा राखिएका गढी गाविस-२ का सुशीला ढुंगाना, कमल पौडेल, शिक्षक एवम् नेकपा (एमाले) का पूर्व जिल्ला सदस्य डिल्ली महतरा, काफलकोट गाविसका निवर्तमान अध्यक्ष निर्मलसिं ठकुरीलगायत् २

दर्जनभन्दा बढी व्यक्तिको स्थितिबारे बुझ्न र कर्णाली अञ्चलमा संचालित कर्णाली एकीकृत ग्रामीण विकास तथा अध्ययन केन्द्र (किर्डार्क) को कार्यक्रम सुचारुरुपले संचालन गर्न दिन आवश्यक पहल गर्न ०६१ साउन १३ गते वीरेन्द्रनगरबाट इन्सेक जिल्ला प्रतिनिधि तथा नेपाल समाचारपत्र दैनिकका सम्वाददाता दुर्गा थापा, कान्तिपुर टेलिभिजनका कमल पन्त, समय साप्ताहिकका सम्वाददाता देवकुमार सुवेदी, बुलबुले दैनिकका गणेश कार्की, कर्णाली एकीकृत ग्रामीण विकास तथा अध्ययन केन्द्र (किर्डार्क) का श्रीबहादुर भण्डारी र रतन शाहीको टोली साउन १४ गते साँझ रानीबास गाविस-२ रहकुल पुगेको थियो । उक्त टोलीले साउन १६ गते माओवादीहरुसँग मानवअधिकारका विभिन्न विषयमा छलफल गरेको थियो । सोही दिन दिउँसो ३ बजे वीरेन्द्रनगर फर्कने समयमा रानीबास गाविस-२ बाट टोलीमध्येका दुर्गा थापालाई 'जनसत्ता' विरोधी कार्य गरेको भनी सोधपुछका लागि २५ दिनसम्म कब्जामा राख्नेगरी माओवादीहरुले नियन्त्रणमा लिएका थिए । त्यसपछि टोलीका अन्य सदस्यहरु वीरेन्द्रनगर फर्किएका थिए ।

दुर्गालाई साउन १६ गते माओवादीको जिल्ला जनपरिषद, सुर्खेतको तर्फबाट जिल्ला 'जनअदालत'का प्रमुखले पक्राउ पुर्जी जारी गरेका थिए । पक्राउ पुर्जी दिइएलगत्तै उनलाई थुनछेकको आदेश पनि दिइएको थियो । अपहरित अवधिमा उनलाई शुरुका ५ दिन रानीबास गाविस-४ जीतेजुवामा, त्यसपछि ७ दिन सोही गाविसको पुङ भन्ने स्थानमा, २ दिन पुनः जीतेजुवामा र १ दिन रझेनामा राखिएको थियो ।

## २. माओवादीद्वारा दुर्गालाई लगाइएका आरोपहरु

माओवादीले दुर्गा थापालाई मूलतः निम्न आरोप लगाएका थिएः-

(क) माओवादी कार्यकर्ता "जटिल" लाई सुरक्षाकर्मीद्वारा पक्राउ गराएको,
(ख) सुरक्षा निकायसँग उठबस गरेको र त्यहाँबाट आर्थिक तथा अन्य लाभ लिएको,
(ग) माओवादीहरुको फोटो, प्रेस वक्तव्य र अन्य दस्तावेज सुरक्षा निकायलाई बुझाएको, र
(घ) जनयुद्धविरोधी क्रियाकलाप गरेको ।

## ३. अध्ययनको विधि

यो अध्ययन गर्दा स्थलगत रुपमा अन्तर्वार्ता, प्रत्यक्ष अनुभव, टिप्पणी र मूल्यांकनजस्ता विधिहरु अवलम्बन गरिएको थियो । टोलीलाई प्राप्त विभिन्न कागजातहरु पनि अनुसन्धानका आधार थिए । पीडितसँगको अन्तर्वार्ता, सम्बन्धित संस्थाहरुको मूल्यांकन, टोलीको प्रत्यक्ष पर्यवेक्षण/अनुभव, सुर्खेत र नेपालगञ्जका पत्रकार तथा मानवअधिकारकर्मीहरुसँगको वार्तालाप, सुर्खेतस्थित सुरक्षा निकायको प्रतिक्रिया, माओवादीद्वारा दुर्गा थापामाथि लगाइएका आरोपहरु, दुर्गाको अवस्था र परिवेश, वार्तामा सहभागी भएका र नभएका माओवादीहरुको प्रस्तुतिको मूल्यांकन आदिका आधारमा छानबिन गरी यो प्रतिवेदन तयार पारिएको छ ।

## ४. माओवादीद्वारा लगाइएका आरोपका सम्बन्धमा अध्ययनपछि प्राप्त तथ्य

### (क) माओवादी कार्यकर्ता "जटिल" लाई सुरक्षाकर्मीद्वारा पक्राउ गराएको सम्बन्धमा

माओवादीका जटिल भनिने कार्यकर्तालाई ०६० भदौ १३ पक्राउ गर्न दुर्गाले सुराकी गरेको भन्ने आरोपमा कुनै सत्यता फेला परेन । त्यस दिन सुर्खेतमा इन्सेकको कार्यक्रम भएकाले दुर्गा इन्सेकका कार्य समिति सदस्य, योजना निर्देशक, मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक, शान्तिका लागि अभियान कार्यक्रमका जिल्ला संयोजकलगायत्का पदाधिकारीहरुसँग कार्यक्रममै व्यस्त थिए । जटिल पक्राउ परेपछि त्यसबारे दुर्गाले सोधखोज गर्दा एकजना माओवादी कार्यकर्ता पक्राउ गरेको भन्ने मात्र सूचना आएको थियो । नाम, ठेगाना आदि केही पनि खुल्न सकेको थिएन । माओवादीको जटिल भन्ने व्यक्ति भनेर इन्सेक वर्ष पुस्तक शाखामा नाम पठाउन दुर्गा थापालाई झण्डै ३ महिना लागेको थियो । पक्राउ परेका ती व्यक्तिको जीवन रक्षाका लागि दुर्गाले तत्काल पहल गरेका थिए र राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी पनि परेको थियो । जटिललाई पक्राउ गराउनमा दुर्गाको कुनै पनि प्रकारको संलग्नता रहेको पाइएन । आफैले पक्राउ गर्न सहयोग गरेको भए उक्त व्यक्तिको जीवन रक्षाका लागि सक्रिय रहनु आवश्यक पनि हुने थिएन र राम्रोसँग पहिचान भएको व्यक्तिको नाम दिन ३ महिना कुर्नुपर्ने अवस्था पनि रहँदैनथ्यो ।

युद्धविरामको अवस्थामा वीरेन्द्रनगरमा ०६० साउन महिनामा माओवादीद्वारा आयोजित शान्ति र्‍यालीको नेतृत्व जटिलले गरेका थिए । खुल्ला र्‍यालीको नेतृत्व गरेका कारण पनि उनलाई सुरक्षा निकायले चिन्ने संभावना प्रशस्त भएको देखियो ।

युद्धविराम भंग भइसकेको अवस्थामा ०६० भदौ १३ गते वीरेन्द्रनगरको पिपलचौतारीमा इन्सेकद्वारा आयोजित कार्यक्रममा उपस्थित अतिथिहरुका लागि कुर्ची खोज्न जाने क्रममा दुर्गा र जटिलको कार्यक्रमस्थल नजिकै जम्काभेट भएको थियो । दुर्गा उनीसँग हात मिलाएर आफ्नो काममा लागेका थिए । केही समयपछि सादा पोशाकमा रहेका सेनाले जटिललाई कार्यक्रमस्थलबाट पक्राउ गरेर नजिकैको होटलमा लगेछन् । पक्राउ पर्ने त्यही हात मिलाएको मान्छे (जटिल) हो भन्ने कुरा दुर्गालाई थाहा भएन । दुर्गाले इन्सेकका पदाधिकारीहरुलाई एकजना माओवादी कार्यकर्तालाई सेनाले पक्राउ गरेको सूचना आएको जानकारी गराए र उनीलगायत् इन्सेकका पदाधिकारीहरु कार्यक्रमस्थलबाट इन्सेक कार्यालयतर्फ जाँदै गर्दा जटिललाई पक्राउ गरेर लैजाँदै गरेका सेनाले दुर्गा र पुष्कर पाण्डे (इन्सेक, शान्ति अभियान कार्यक्रम सुर्खेतका संयोजक) लाई समेत "यिनीहरुलाई पनि हेर्" भनेर अर्को एक सैनिकलाई निर्देशन दिएका थिए । दुर्गाले पत्रकारको परिचयपत्र देखाएपछि केही गरिएन ।

जुन सेनाले जटिललाई पक्राउ गरेको थियो, त्यही सेनाले भदौ १५ गते दुर्गालाई एक होटलमा लगी "यो घटना सार्वजनिक नगर्नू" भनी धम्की दिएका थिए । सुर्खेतको गढी गाविस निवासी भीमबहादुर वि.क. उर्फ जटिललाई २०६१ भदौ १६ गते जिल्ला प्रशासन कार्यालय सुर्खेतले जेल चलान गरेको बुझिएको छ ।

**(ख) सुरक्षा निकायसँग उठबस गरेको र त्यहाँबाट आर्थिक तथा अन्य लाभ लिएको सम्बन्धमा**

दुर्गा थापा पत्रकार र मानवअधिकारकर्मी भएकाले समाजका अन्य पक्षहरु, जस्तैः सुरक्षाकर्मी, राजनीतिक दलहरु आदिसँग पनि सम्बन्ध र सम्पर्क हुनुलाई अन्यथा लिन मिल्दैन । पेशागत कामका लागि ती निकाय र पक्षहरुसँग सम्पर्क आवश्यक नै हुने गर्दछ । छानबिनका क्रममा उनले सुरक्षा निकायबाट त्यस्तो कुनै अतिरिक्त लाभ र अनुचित फाइदा उठाएको पाइएन ।

**(ग) माओवादीहरुको फोटो, प्रेस वक्तव्य र अन्य दस्तावेज सुरक्षा निकायलाई बुझाएको सम्बन्धमा**

माओवादी जिल्ला संगठन समितिले गोलमेच सम्मेलनका सम्बन्धमा राजनीतिक पार्टीका प्रतिनिधिहरुलाई पत्रकारहरुका हात पठाएको पत्र सुरक्षितरुपमा सम्बन्धित व्यक्तिकहाँ पुगेको र समयक्रममा उक्त पत्र कुनै अन्य स्रोतबाट सुरक्षा निकायमा पुगेको छानबिनका क्रममा पाइयो । त्यसमा पत्रकार र मानवअधिकारकर्मीको कुनै संलग्नता पाइएन । त्यसका अलावा अन्य कुनै (सार्वजनिक गरिएकाबाहेक) माओवादी दस्तावेज तथा फोटोहरु उनीहरुमार्फत् सुरक्षा निकायमा पुगेको पाइएन ।

**(घ) जनयुद्धविरोधी क्रियाकलाप गरेको सम्बन्धमा**

दुर्गालगायत्का पत्रकार र मानवअधिकारकर्मीहरुले दुवै पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरुको यथार्थ सार्वजनिक गर्ने गरेको पाइयो । तर, कुनै पक्षको हित वा अहितलाई लक्षित गरेर त्यस्ता कुनै पनि गतिविधि संचालन गरेको पाइएन ।

## ५. अपहरण गर्नुको खास कारण र उद्देश्य

माओवादीहरुले दुर्गा थापालाई लगाएका आरोपहरुमा सत्यता पाइएन । उनीहरुले ती आरोप पुष्टि गर्ने आधारहरु पनि प्रस्तुत गर्न सकेनन् । टोलीले गरेको छानबिनबाट दुर्गा थापालाई माओवादीले अपहरण गर्नुका मुख्य कारण र उद्देश्यहरु निम्न देखिए-

### ५.१ माओवादीहरु बदलाको भावनाले प्रेरित हुनु

दुर्गालाई अपहरण गर्नुका मुख्य कारणहरुमा माओवादीद्वारा अपहरित नेकपा (एमाले) का २६ जना जिल्लास्तरीय नेता/कार्यकर्तालाई मुक्त गराउनु, नेपाली काँग्रेसका क्षेत्रीय नेतालाई उनको घरमा बस्ने वातावरण मिलाइदिनु र उनको सहकारी संचालनका लागि प्रयास गर्नु, र माओवादीले गरेका मानवअधिकार उल्लंघनका विरुद्ध आवाज उठाउनु रहेको पाइयो । यी घटनाहरुको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

(क) नेकपा (एमाले) को केन्द्रीय कार्यक्रम अनुसार एमाले सुर्खेतका सचिव ऋषिप्रसाद शर्मासहित २० जना जिल्लास्तरीय नेता तथा ६ जना कार्यकर्ता ०६१ वैशाख ६ गते माओवादीको कब्जामा परेका थिए । उनीहरुलाई वीरेन्द्रनगरबाट ८ कोस टाढा पश्चिममा रहेको पोखरीकाँडा गाविसबाट माओवादीको हतियारधारी समूहले कब्जामा लिएको थियो । यो घटनाको बारेमा दुर्गा थापाले नै सबैभन्दा पहिला इन्सेक र सो पार्टीको केन्द्रीय कार्यालयमा जानकारी दिएका थिए । उनीहरुलाई रिहा गर्नेसम्बन्धमा कसैले आवाज उठाउन सकिरहेका थिएनन् । त्यही समयमा माओवादीले त्यस क्षेत्रमा नाकाबन्दी पनि गरेका थिए । पत्रकार र मानवअधिकारकर्मीसँग अनुरोध गरेर छुटाउनुपर्‍यो भन्ने कुरा वीरेन्द्रनगरमा विभिन्न पक्षबाट उठ्न थालेपछि एमालेका जिल्लास्थित नेता, कार्यकर्ताहरुले दुर्गा थापालाई अनुरोध गरेका थिए । दुर्गाले तदनुरुप इन्सेक क्षेत्रीय कार्यालयमा सम्पर्क गरे । इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महतको निर्देशनअनुरुप वैशाख १० गते त्यसतर्फ जाने निधो भयो । दुर्गा थापाको नेतृत्वमा मोतिलाल पौडेल (कान्तिपुर), कमल पन्त (कान्तिपुर टेलिभिजन), प्रकाश पन्त (नेपाल समाचारपत्र), चित्रसिं गाउँले (राजधानी), इन्सेकद्वारा संचालित शान्ति अभियान कार्यक्रमका सहजकर्ताहरु लोकबहादुर खड्का, विन्दुलाल रेग्मी, प्रेम रिजाल र असल शासन कार्यक्रमका प्रतिनिधि १० गते बिहान सडकको बीचमा एम्बुस राखिएको खबरका बाबजुद त्यसतर्फ लागेका थिए ।

उनीहरु कुनाथरी गाविसको बड्डीचौर बजार पुग्दा त्यहीँ आइपुगेका एमालेका ती नेता तथा कार्यकर्ताहरु माओवादीकै नियन्त्रणमा थिए । त्यतिबेला दुर्गाले तीन पटकसम्म माओवादीका जिल्लास्तरीय नेता सूर्य वि.क. र शार्दूलसँग वार्ता गरे पनि उनीहरुले छोड्ने लक्षण देखिएको थिएन । त्यसपछि वैशाख ११ गते दुर्गाले अपहरितहरुलाई अगाडि हिँड्न भन्दै दुर्गाले पछि-पछि स्कर्टिङ गर्छौं भनेपछि अपहरित व्यक्तिहरु त्यहाँबाट बिहान १० बजे हिँडेका थिए । बीच बाटोमा माओवादीले रोक्न खोज्दा दुर्गाले प्रतिकार गरी उनीहरुलाई हुड्केको जंगलसम्म ल्याइपुर्‍याएका थिए । बड्डीचौरबाट हुड्केको जंगलसम्म आइपुग्नु भनेको ७५ प्रतिशत बाटो काटिसक्नु हो । हुड्केको जंगलमा आइपुग्दा माओवादीका जिल्लास्तरीय नेता सूर्य वि.क.ले उनीहरुलाई पुनः रोके । त्यहाँ आधा घण्टाको छलफलपछि पनि केही सीप लागेन । सूर्यले उनीहरुलाई जंगलको बाटो पठाएर पुनः हतियारधारीको कब्जामा पार्ने तयारी गरिरहेका थिए । उनले ७ जना हतियारधारीहरुलाई जंगलमा पठाई अपहरित व्यक्तिहरुलाई त्यही जंगलतर्फबाट मात्र वीरेन्द्रनगर जान अनुमति दिए । त्यसपछि सूर्य र दुर्गाबीच पुनः छुट्टै वार्ता भएको थियो । त्यसबेला पनि कुरा नमिलेपछि अपहरितहरुमध्येका केही व्यक्तिहरुको स्वास्थ्य स्थिति, मानवीय भावना आदिलाई ख्याल गर्दै टोलीले एमालेका ती नेता, कार्यकर्ताहरुलाई बांगेसिमलसम्म स्कर्टिङ गरेर ल्याएको थियो । उनीहरुलाई तत्काल मुक्त नगरेको भए मानवीय क्षतिको प्रबल संभावना थियो । वीरेन्द्रनगर नपाका पूर्व मेयर बालाराम शर्माको स्वास्थ्य अवस्था गम्भीर भइसकेको थियो । उनी दमको रोगी भएको र औषधी सकिइसकेको अवस्था थियो । जिफन्टका मेघबहादुर बोहोराका बाबुको मृत्यु भएको ५ दिन भएको थियो ।

माओवादीले उनीहरुलाई हुड्केको जंगल भएर मात्र वीरेन्द्रनगर जान धम्की दिनुको मुख्य कारण उनीहरुलाई क्षति होओस्, निकै दुःख पाउन् र पुनः गाउँ फर्कने हिम्मत गर्न नसकुन् भन्ने थियो । त्यो जंगलको बाटोमा माओवादीहरुले हतियारधारीहरुलाई पहिल्यै तैनाथ गरेका थिए । जंगलमा कुनै बाटो थिएन । त्यहाँ खानेकुराहरु, बास आदि उपलब्ध थिएनन् । त्यतिबेला मानवअधिकारकर्मी र पत्रकारहरुको टोलीले बाटोबाटै ल्याउने पक्का गरेपछि र आफ्नो उद्देश्य पूरा नहुने देखेपछि सूर्यले एमालेका नेता, कार्यकर्ताहरुलाई लक्षित गरी "ठिक छ, तपाईंहरु जानुस् तर यसको गम्भीर परिणाम भोग्नुपर्नेछ" भनेका थिए, जुन परिणाम दुर्गाले भोग्नुपर्‍यो । त्यसैको बदलास्वरुप माओवादीले उनलाई अपहरण गरेका हुन् । बयानका क्रममा आफूहरुले लगाएका आरोपहरु स्वीकार नगरेमा दुर्गालाई, मुक्त गरिएका २६ जना एमाले कार्यकर्ताको प्रत्येकको २५ दिनका दरले हुन आउने ६५० दिनको कैद सजाय हुनसक्ने धम्की दिइएको थियो ।

दुर्गालाई मुक्त गराउनका लागि भएका वार्ताका क्रममा मानवअधिकारकर्मी र पत्रकारहरुको टोलीले पटक-पटक यही घटनामा दुर्गाले गरेको पहलबारे चर्चा गर्दै "तपाईंहरुले दुर्गालाई यही कारणले अपहरण गर्नुभएको हो, अन्यथा अरु के कारण छ?" भनी कुरा राख्दा माओवादी पक्षले यो कारण नभएको बताउँदै यस विषयमा थप छलफल गर्न चाहेको थिएन ।

(ख) कुनाथरी गाविसका नेपाली काँग्रेसका क्षेत्रीय सदस्य झक्कड बस्नेत अध्यक्ष रहेको साना किसान सहकारी संस्थालाई माओवादीले संचालन गर्न नदिएको र उनलाई माओवादीविरुद्ध सुराकी गरेको आरोप लगाएर ०६१ जेठ महिनामा २ पटक ज्यान मार्ने धम्की दिएको घटनाका सम्बन्धमा दुर्गाले माओवादीका भेरी-कर्णाली क्षेत्रीय सचिवालय सदस्य राहुलसँग वार्ता गरी बस्नेतलाई पुनः घरमा बस्ने वातावरण बनाइदिएका थिए । वीरेन्द्रनगरमा बसेका झक्कडलाई दुर्गाले नै घरसम्म पुऱ्याइदिएका थिए र माओवादी एरिया इन्चार्ज पूर्ण सुवेदीसँग पनि कुरा गरी घरमा बस्ने वातावरण बनाइदिएका थिए । दुर्गाकै पहलमा उनको सहकारी संस्था संचालनको प्रक्रियामा रहेको समयमा माओवादीले दुर्गाको अपहरण गरे । सहकारीको बारेमा थप कुरा गर्नुपर्ने अवस्था थियो । तर, यो कुरा टुंगिन नपाउँदै दुर्गालाई अपहरण गरियो र संस्था संचालनको कुराकानी अगाडि बढ्न सकेन । झक्कडको केसमा दुर्गाले गरेको प्रयासलाई पनि माओवादीले नकारात्मक रुपमा लिँदै बदलाभाव देखाएको पाइयो ।

(ग) राज्यले गरेका मानवअधिकार उल्लंघनका विरुद्ध दुर्गाको सक्रियतालाई माओवादीले नजरअन्दाज गरेको देखियो । तर, उनीहरु आफूले सुरक्षाकर्मीका परिवारलाई कब्जामा लिने, मनोमानी चन्दा असुल गर्ने, धम्की दिने, बेपत्ता पार्नेजस्ता घटनाहरुको विरुद्धमा दुर्गाले आवाज उठाएकोमा बदला लिएको देखियो ।

**५.२ दुर्गाले काम गर्दा कतिपय अवस्थामा माओवादीलाई नै सहयोग पुगे पनि उनका बैगुनमात्र देख्नु**

मानवअधिकारकर्मी र पत्रकारको हैसियतले गाउँ-गाउँमा दुर्गा थापा र अन्य सहकर्मीहरुको उपस्थितिले माओवादीलाई पनि फाइदा पुगेको थियो । राज्यद्वारा बेपत्ता पारिएका, गैरन्यायिक गिरफ्तारी गरिएका व्यक्तिहरुको बारेमा दुर्गालगायत्का मानवअधिकारकर्मी र पत्रकारहरुले आवाज उठाउँदै आएका थिए । माओवादीको आरोपमा गिरफ्तार गरिएका झण्डै २ दर्जन व्यक्तिहरु दुर्गाकै पहल र दबाबका कारण रिहा भएका थिए । यहाँसम्मकी माओवादीका कतिपय कार्यकर्ता कहिले, कहाँबाट गिरफ्तारीमा परे भन्ने जानकारी पनि दुर्गाले गाउँ भ्रमणका बेला माओवादीका जिल्लास्तरीय नेताहरुलाई जानकारी गराउने गरेका थिए । राज्यपक्षबाट भएका ज्यादतीको अध्ययनका लागि अन्य मानवअधिकारकर्मी र पत्रकारहरुको नेतृत्व गरेर घटनास्थलसम्म पुगी आम जनतासामू यथार्थ सार्वजनिक गरेका घटनाहरु पनि जगजाहेर छन् । तर, यस्ता कार्यहरुलाई पनि माओवादीले सकारात्मक रुपमा लिएनन् । दुर्गाले मानवअधिकार र पत्रकारिताको क्षेत्रमा काम गर्ने दौरानमा कतिपय अवस्थामा उनीहरुलाई सहयोग पुगेको पनि देखियो । तर उनीहरुले केवल बैगुनमात्र देखे ।

**५.३ माओवादीहरु पत्रकार र मानवअधिकारकर्मीहरुप्रति एकपछि अर्को गरी गैरजिम्मेवार हुँदै जानु**

पछिल्लो समयमा आएर माओवादीहरुले मानवअधिकारकर्मी र पत्रकारहरुलाई निशाना बनाउने क्रम बढेको छ । विभिन्न आरोप लगाएर आम सञ्चारकर्मी र मानवअधिकारकर्मीलाई "बुर्जुवा एवम् पुरानो सत्ताको मान्छे" भन्दै गाउँबाट लखेट्ने, धम्की दिने, अपहरण तथा हत्यासमेत गर्ने घटनाहरु दोहोऱ्याइए । कालिकोट, सुर्खेत, दैलेख, अछाम, सुनसरीलगायत्का जिल्लामा यस्ता घटनाहरु हुनपुगे । त्यही श्रृंखलाअन्तर्गत नै दुर्गा थापाको अपहरण भएको हो । कालिकोटका पत्रकार नवराज शर्मा, सिन्धुपाल्चोकका ज्ञानेन्द्र खड्का, सुनसरीका अम्बिका तिम्सिना तथा पछिल्लो घटनामा दैलेखमा कार्यरत मानवअधिकारकर्मी तथा पत्रकार डेकेन्द्रराज थापालाई माओवादीले हत्यासमेत गरे । दैलेख, अछामलगायत्का जिल्लामा पत्रकारहरुलाई धम्की दिइएका घटना सार्वजनिक भएका छन् ।

**५.४ दुर्गा थापालाई सुर्खेतबाट विस्थापित गराउने प्रयास**

दुर्गा थापा तथा सुर्खेतका अन्य पत्रकारहरु दुवै पक्षबाट हुने गरेका ज्यादतीका घटनाहरुको यथार्थ पत्ता लगाउन दुःख, कष्ट झेल्दै गाउँ-गाउँ जाने गर्दथे । यस्ता कार्यहरुमा दुर्गा थापाको सक्रिय भूमिका रहने गरेको थियो । माओवादीद्वारा आयोजित पत्रकार सम्मेलनमा जाँदा होस् या उनीहरुले गोप्यस्थलमा गरिने कार्यक्रममा पुग्दा, दुर्गाको समेत सहभागितामा टोली

हिँड्ने गर्दथ्यो । दुर्गा तथा अन्य मानवअधिकारकर्मी र पत्रकारहरुलाई कतिपय बेला माओवादीले फूलमाला, अबीर तथा बन्दुक पड्काएर स्वागत समेत गरेका थिए । तर, ती दिनहरुलाई भुलेर उनलाई निशाना बनाइयो । दुर्गा थापा टोलीसहित गाउँ-गाउँमा जाने र माओवादीहरुका कुकृत्यहरु प्रकाशमा आउनसक्ने संभावना देखेका कारण, दुर्गालाई निशाना बनाएपछि कोही पनि गाउँ छिर्ने हिम्मत गर्दैन भन्ने आधारमा माओवादीले उनको अपहरण गरेको देखियो । दुर्गा एकातर्फ पत्रकार र अर्कोतर्फ मानवअधिकारकर्मी र त्यसमा पनि सक्रियरुपमा लागिपरेको व्यक्ति भएका कारण उसलाई अपहरण गरेमा सबै क्षेत्रलाई एकैपटक प्रहार हुने रणनीतिअनुरुप निशाना बनाइएको देखियो । उनलाई हतोत्साहित बनाएर जिल्लामा काम गर्ने वातावरण बिथोल्ने र विस्थापित गर्ने योजना मुताबिक उक्त कार्य गरिएको पाइयो ।

## ६. माओवादी आरोप स्वीकारोक्तीका लागि दिइएको दबाब

माओवादीद्वारा दुर्गा थापासँग बयान लिने क्रममा जे-जसरी ज्यान लिने धम्की दिई आतंकित पारेर गलत तथ्यहरुलाई सही भन्न वाध्य पारिएको थियो, तिनै कुरा पत्रकार र मानवअधिकारकर्मीसमक्ष राख्नुपर्ने, कुरा फेरबदल गर्न नपाइने भन्दै पुनः अर्कोखाले दबाब दिइएको पाइयो । "दबाबमा परेर स्वीकार गरेको हुँ" भन्न नपाइने धम्की दिई "मैले स्वेच्छाले नै स्वीकार गरेको हुँ र आरोपहरुमा संलग्न व्यक्ति हुँ" भन्न लगाइएको थियो । अन्यथा, जोसुकै पत्रकार एवम् मानवअधिकारकर्मी नेता आए पनि रिहा नगर्ने माओवादीले धम्की दिएका थिए । राहुल र शैलेन्द्रले पटक-पटक यस्तो धम्की दिएका थिए । सुर्खेत जिल्लामा एमालेका २६ जना नेता, कार्यकर्ताहरुलाई माओवादीले बन्धक बनाएकोमा दुर्गा थापाले जोड गरेर मुक्त गराएकोले २६ जनाको प्रत्येकको २५ दिनका दरले हुन आउने ६५० दिन माओवादी सेनासँगै हिँड्नु र काम गर्नुपर्ने वा आफूहरुद्वारा लगाइएका आरोपहरु स्वीकार गर्नुपर्ने दबाब दिएका थिए । उनीहरुले साउन २८ गते रिहाईका लागि पत्रकार र मानवअधिकारकर्मीहरुको टोली आउँदैछ भन्ने बताएको दिन पनि आफ्ना अरोपहरु स्वीकार गर्न धम्की दिएका थिए । उनीहरुले "यदि तपाईंले त्यहाँ (पत्रकार र मानवअधिकारकर्मीसमक्ष) दबाबको कारण आरोप स्वीकार गरेको हुँ भन्ने हो भने यहीँ भन्नुहोस् । हामी तपाईंलाई केही गर्दैनौं" भनेर दुर्गाको मन चोरेका थिए। उनले त्यतिबेला त्यहाँ सो कुरा भनेको भए शारीरिक यातना दिने तयारी गरिरहेको बुझिएको थियो । रानीबासबाट रझेना आइपुगेपछि साउन ३० गते पनि राहुलले यसरी नै धम्की दिएका थिए । साउन ३१ गते वार्ता शुरु हुनुपूर्व राहुल र जिल्ला 'जनअदालत' प्रमुख खड्गबहादुर घर्तीले "पत्रकार र मानवअधिकारकर्मीसामू मात्र नभई स्थानीय जनतासमक्ष पनि आरोप स्वीकार गर्नुपर्ने" दबाब दिएका थिए । दुर्गालाई रिहा गर्न पत्रकार र मानवअधिकारकर्मीहरुको ठूलो टोली गएको थियो । माओवादीहरुसँग लामो विवाद गरेपछि उनीहरुले केही सीप नचल्ने ठानी दुर्गालाई स्थानीय जनतासमक्ष आरोप स्वीकार गर्न लगाएनन् । माओवादीहरुले स्थानीय जनतालाई आफ्नो कार्यक्रममा बोलाएका थिए र उनीहरुसामुन्ने आरोप स्वीकार गर्न लगाउने योजना बनाएका थिए । तर, टोलीको प्रभावकारी उपस्थिति र प्रस्तुतिका कारण त्यसो हुन पाएन ।

## ७. अन्य

पत्रकार दुर्गा थापाले माओवादी नेतृत्वसँग आफ्ना अन्य सहकर्मीहरुउपर लगाइएको भनिएको आरोपका बारेमा टोली तथा पत्रकारहरु र माओवादीबीच वार्ताकै क्रममा नेटामा छलफल भई शंकाका विषयमा दुवै पक्ष प्रष्ट भएको हुनाले ती पत्रकारहरु तथा मानवअधिकारकर्मीहरुप्रति माओवादीको दृष्टिकोण प्रष्ट भई पत्रकारिता क्षेत्रमा स्वतन्त्रपूर्वक लाग्न अवरोध पुऱ्याउन हुँदैन। माओवादीले अन्य सहकर्मीहरुलाई ममार्फत् लगाइएको आरोपमा कुनै सत्यता नभएको र आफ्नो सुरक्षाका लागि त्यसो भनेको भन्ने पत्रकार थापाको स्पष्टोक्ती छ ।

## ८. निष्कर्ष

दुर्गा थापालाई माओवादी कार्यकर्ता जटिललाई पक्राउ गराएको, सुरक्षा निकायसँग उठबस गरेको र आर्थिक तथा अन्य लाभ लिएको, माओवादीहरुको फोटो, प्रेस वक्तव्य र अन्य दस्तावेज सुरक्षा निकायलाई बुझाएको र जनयुद्धविरोधी क्रियाकलाप गरेको भनी माओवादीहरुले लगाएको आरोप निराधार रहेको पाइयो । ती आरोपहरुका विषयमा छानबिन गर्दा तिनलाई प्रमाणित गर्ने कुनै तथ्य फेला परेन । माओवादी नेतृत्वले पनि टोलीसमक्ष आरोप पुष्टि गर्नसक्ने कुनै प्रमाण प्रस्तुत गर्न सकेन । माओवादीहरुले दुर्गा थापालाई बन्धक बनाई हतियारको बीचमा राखेर, ज्यानमार्ने धम्की दिएर र जोरजबर्जस्ती गरेर साविती बयान लिएको पाइयो । माओवादीले लगाएका आरोपहरु (आफ्नो गल्ती कमजोरी भन्दै माओवादीका जिल्ला इन्चार्ज राहुललाई साउन २४ गते लेखेको १६ बुँदे पत्र) दबाबमा परी स्वीकार गर्नुलाई दुर्गा थापाले

आफू र आफ्नो परिवारको जीवन रक्षा, अपहरण, मानसिक यातना र लामो समयसम्म भोग्नुपर्ने सम्भावित कष्टपूर्ण सजायबाट मुक्ति पाउने उपायका रुपमा लिएको छानबिनका क्रममा पाइयो । उनी छानबिनबाट निर्दोष देखिए ।

पूर्ववत् रुपमा मानवअधिकार र पत्रकारितका क्षेत्रमा सकृयतापूर्वक आफ्नो भूमिका निर्वाह गर्नमा उनलाई कुनै पनि पक्षबाट व्यवधान खडा गरिनु हुँदैन ।

दुर्गा थापाले मानवअधिकारकर्मी र पत्रकारका हैसियतले निर्वाह गरेको भूमिका सराहनीय छ । मानवअधिकार रक्षकको रुपमा दुर्गाको नेतृत्वकारी/हस्तक्षेपकारी भूमिका माओवादीलाई सह्य नभएकोले उनलाई हतोत्साही बनाउन र उनको व्यक्तित्व नष्ट गर्न माओवादीले उक्त कार्य गरेको टोलीको ठहर छ ।

माओवादीका यस्ता क्रियाकलापहरुबाट मानवअधिकार र मानवीय कानुनका न्यूनतम मापदण्डहरुको समेत घोर उल्लंघन भएको छ ।

## ९. सुझावहरु

**(क) माओवादी पक्षलाई**

- कुनै पनि अवस्था र आरोपमा मानवअधिकार रक्षकहरुलाई धम्की, अपहरण, यातना, र हत्याको शिकार नबनाउने सार्वजनिक प्रतिबद्धता जाहेर गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने,
- कुनै मानवअधिकार रक्षकको बारेमा केही गुनासो भए वा माओवादी पक्षले उसको बारेमा बुझ्नु परेमा सर्वप्रथम सम्बन्धित संस्थासँग सम्पर्क गर्ने,
- मानवअधिकारकर्मी र पत्रकारहरुलाई पेशागत कामका सिलसिलामा आवागमन गर्न अवरोध सृजना नगर्ने,
- दुर्गा थापामाथि लगाइएका आरोपहरु पुष्टि नभएकाले मानवअधिकार र पत्रकारिता क्षेत्रमा पूर्ववत् भूमिका निर्वाह गर्नमा उनलाई माओवादी पक्षले कुनै व्यवधान सृजना गर्न नहुने ।

**(ख) मानवअधिकार र पत्रकारिता क्षेत्रलाई**

- मानवअधिकार र पत्रकारिता क्षेत्रका संस्थाहरुले आफ्नो संस्थाको कार्यमा संलग्न व्यक्तिहरुको सुरक्षाका लागि आवश्यक रणनीति र प्रबन्ध मिलाउनुपर्ने,
- आफ्ना कार्यकर्ता/कर्मचारीहरुको नियमित सुपरिवेक्षण र अनुगमन कार्यलाई व्यवस्थित गर्नुपर्ने,
- पेशागत सुरक्षाका लागि अविलम्ब सामुहिक र संस्थागत पहल गर्नुपर्ने,
- मानवअधिकार रक्षकहरुको सुरक्षा र सक्रियताका लागि एक स्थायी प्रकृतिको साझा संयन्त्र निर्माण गरी आइपर्ने समस्याका समयमा तत्काल कदम चाल्नुपर्ने,
- माओवादी पक्षलाई मानवअधिकार रक्षकहरुमाथि कुनै पनि प्रकारको आक्रमण नगर्ने कुरामा विश्वसनीय ढंगले प्रतिबद्ध बनाउन पहल गर्ने र त्यसको नियमित अनुगमन गर्ने,
- दुर्गा थापा पुनः कार्य क्षेत्रमा जाँदा उनीमाथि आइपर्न सक्ने व्यवधानबारे सचेत भई आवश्यक सजगता अपनाउनुपर्ने ।

**(ग) मानवअधिकारकर्मी तथा पत्रकारहरुले ध्यान दिनुपर्ने कुराहरु**

- उद्देश्य स्पष्ट नपारिकन ग्रामीण क्षेत्रमा भ्रमण गर्नु, माओवादीका जिम्मेवार व्यक्तिले "किन, के कामले आउनु भएको हो" भनेर सोधपुछ गर्दा "केही छैन" भनी आलटाल गर्नुले उनीहरुमा शंका उब्जन सक्ने भएकाले निश्चित उद्देश्यसहित र स्पष्ट कुरा राखेर मात्र ग्रामीण क्षेत्रमा भ्रमण गर्नु पर्दछ ।

- कुनै पनि मध्यस्थताको कार्य गर्दा जबर्जस्ती हुन्छ कि भन्नेतर्फ ध्यान पुऱ्याउनु आवश्यक छ । समस्या समाधानका लागि मध्यस्थता गर्दा जबर्जस्ती गर्नु हुँदैन । कहिलेकाहिँ आफूले गरेका कुराले द्वन्द्वरत पक्षलाई बढी नकारात्मक अनुभव गराउँछ कि भन्नेतर्फ पनि ख्याल गर्नु जरुरी हुन्छ ।
- स्थानीय पत्रकार र मानवअधिकारकर्मीबीच राम्रो सम्बन्ध स्थापित गर्नु आवश्यक छ । अन्य साथीहरुसँग समन्वय हुन नसक्दा समय-समयमा टसल पर्न गई कठिनाई उत्पन्न हुन्छ ।
- मानवअधिकार उल्लंघनका घटनाहरुको अनुगमन गर्दा र कुनै समस्याको बारेमा मध्यस्थता गर्दा पूर्व तयारी गर्नु जरुरी हुन्छ । के-कस्तो कुरा राख्ने, टोलीको संयोजन र व्यवस्थापन कसरी राम्रोसँग गर्ने आदि कुरामा पनि ध्यान दिनु पर्दछ । आफ्ना गतिविधिका सम्बन्धमा नागरिक समाजलाई जानकारी गराउनु उपयुक्त हुन्छ ।
- द्वन्द्वको अवस्थामा द्वन्द्वरत पक्षहरु जतिसक्दो धेरै क्षेत्रका व्यक्तिहरुलाई जतिसक्दो बढी आफूले उपयोग गर्ने होडबाजीमा लागेका हुन्छन् । यो कुरा मानवअधिकारकर्मी र पत्रकारहरुले सदैव बुझिराख्नु पर्दछ । तसर्थ आफूले पाएका सूचनाहरुको व्यवस्थापन र सुरक्षातर्फ बढी ध्यान दिनु आवश्यक हुन्छ । आफ्ना सूचनाहरुलाई कसैले गलत ढंगले प्रयोग गर्ने र आफूलाई गलतरुपमा लिने संभावना छ कि छैन भन्नेतर्फ सतर्क हुनु पर्दछ ।
- मानवअधिकार र प्रेससँग सम्बन्धित सामग्रीहरुको वितरण गर्दा कुनै पनि खाले व्यवस्थापकीय/प्राविधिक कमजोरी नहोउन् भन्नेतर्फ एकदमै विचार पुऱ्याउनु पर्दछ । कहिलेकाहिँ सानो कुराले पनि मानिसलाई ठूलो प्रभाव पार्ने गर्दछ । यसतर्फ ध्यान दिनु जरुरी हुन्छ ।
- कुनै पनि व्यक्ति वा निकायसमक्ष प्रस्तुत हुँदा जहिले पनि तयारी गरेर प्रभावकारीरुपमा प्रस्तुत हुनु पर्दछ । त्यसबाट आफ्नो व्यक्तित्व स्थापित गर्न र संस्थागत मर्यादा बढाउन निकै ठूलो भूमिका निर्वाह हुन्छ ।

●

## १०. स्थलगत अध्ययन/छानबिन तथा वार्ता टोलीमा संलग्न मानवअधिकारकर्मी र पत्रकारहरु

### क. पहिलो र दोश्रो चरणको वार्तामा संलग्न

१. विपुल पोखेल, उपसभापति, नेपाल पत्रकार महासंघ
२. प्रदीप घिमिरे, सचिव, मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस)
३. प्रकाश ज्ञवाली, अधिकृत, इन्सेक केन्द्रीय कार्यालय
४. गोपालनाथ योगी, केन्द्रीय सदस्य, गैसस महासंघ-नेपाल
५. सुरेश गौतम, मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक, सिभिक्ट
६. प्रकाश उपाध्याय, अधिकृत, हिमराइट्स लाइफलाइन
७. टेकबहादुर पुन, बेस
८. कमलेश डिसी, सभापति, नेपाल पत्रकार महासंघ, सुर्खेत
९. पुष्कर पाण्डे, संयोजक, शान्तिका लागि अभियान कार्यक्रम, सुर्खेत, इन्सेक
१०. विन्दुलाल रेग्मी, सहसंयोजक, शान्तिका लागि अभियान कार्यक्रम, सुर्खेत, इन्सेक
११. मोतिलाल पौडेल, सम्वाददाता, कान्तिपुर दैनिक
१२. सम थापा, सम्वाददाता, नेपाल समाचारपत्र दैनिक
१३. लक्ष्मण भण्डारी, सम्वाददाता, बुलबुले दैनिक

### ख. तेश्रो चरणको वार्तामा संलग्न

१. विपुल पोखेल, उपसभापति, नेपाल पत्रकार महासंघ
२. प्रदीप घिमिरे, सचिव, मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस)
३. प्रकाश ज्ञवाली, अधिकृत, इन्सेक केन्द्रीय कार्यालय
४. गोपालनाथ योगी, केन्द्रीय सदस्य, गैसस महासंघ-नेपाल
५. सुरेश गौतम, मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक, सिभिक्ट
६. प्रकाश उपाध्याय, अधिकृत, हिमराइट्स लाइफलाइन
७. नेत्र केसी, सम्वाददाता, बीबीसी नेपाली सेवा
८. कमलेश डिसी, सभापति, नेपाल पत्रकार महासंघ, सुर्खेत
९. पुष्कर पाण्डे, संयोजक, शान्तिका लागि अभियान कार्यक्रम, सुर्खेत, इन्सेक
१०. विन्दुलाल रेग्मी, सहसंयोजक, शान्तिका लागि अभियान कार्यक्रम, सुर्खेत, इन्सेक
११. मोतिलाल पौडेल, सम्वाददाता, कान्तिपुर दैनिक
१२. सम थापा, सम्वाददाता, नेपाल समाचारपत्र दैनिक
१३. नन्द भण्डारी, सचिव, नेपाल बार एशोसिएसन, सुर्खेत
१४. देवकुमार सुवेदी, सम्वाददाता, समय साप्ताहिक
१५. सूर्यमणि गौतम, सम्पादक, काँक्रेबिहार दैनिक तथा सम्वाददाता, अन्नपूर्णपोष्ट दैनिक
१६. लक्ष्मण भण्डारी, सम्वाददाता, बुलबुले दैनिक